# परिचय राजनीति र प्रतिनिधित्वः सन्दर्भमा वीरेन्द्रका केही कविता

- डा सुरज गुरुङ
नेपाली विभाग, सिक्किम विश्वविद्यालय

**सार-** प्रस्तुत लेखमा परिचय राजनीति र प्रतिनिधित्वका दृष्टिले वीरेन्द्रका केही कविताहरूको अध्ययन गरिएको छ। वीरेन्द्रका कवितामा पाइने विविध पक्षहरूमध्ये परिचय राजनीति एउटा सबल पक्ष हो। यसैका माध्यमद्वारा उनले आफ्ना वैयक्तिक अनुभव र सामूहिक चेतनाका स्वरहरूलाई मूर्त रूप दिएका छन्। उनका कवितामा सीमान्तकृत समूहको आर्तनाद पाइन्छ र त्यही आर्तनाद नै जातीय परिचयलाई प्रतिनिधित्व गर्ने विशेष युक्तिका रूपमा प्रयोग भएको देखिन्छ। उनले राजनीति र संस्कृतिबिचको अवकासबाट जातिले लामो समयदेखि भोग्दै आएका समस्याहरूलाई औँल्याएका छन् तर त्यो औँल्याइ दोषारोपणको राजनीतिदेखि पर सांस्कृतिक अन्तर्ज्ञानमा आधारित छ। अतः प्रस्तुत लेख उनका कवितामा निहित राजनैतिक एवम् सांस्कृतिक परिप्रेक्ष्यहरू केलाउँदै तिनमा परिचयलाई कसरी प्रस्तुत गरिएको छ र तिनको राजनैतिक एवम् सांस्कृतिक प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको अध्ययन गर्ने दिशामा उन्मुख रहेको छ।

**बीज शब्द-** परिचय राजनीति, राजनैतिक परिचय, बहुसंस्कृतिवाद, परिचय सङ्कट, सांस्कृतिक परिचय

## १ परिचय

परिचय राजनीतिको सामान्य अर्थ परिचयमा आधारित राजनीति भन्ने हुन्छ। यो विभिन्न सामाजिक आन्दोलनहरूको प्रभावस्वरूप अस्तित्वमा आएको अवधारणा हो। यसलाई 'परिचयमा आधारित राजनैतिक स्थिति' (गुप्ता, इ सं २००७, पृ-१) अथवा 'परिचयमा आधारित उन्मुक्तिको आन्दोलन' (अल्कोफ र मोहन्ती, इ सं २००६, पृ-१) पनि भनिएको पाइन्छ। एकातिर यसले विभिन्न जाति, प्रजाति, वर्ग, धर्म, लिङ्ग, अल्पसङ्ख्यक आदि सामाजिक समूहहरूको हित र विचारधारामा आधारित राजनैतिक स्थितिलाई बुझाउँदछ भने अर्कातिर ती समूहहरूको परिचयलाई अस्वीकार गर्ने पारम्परिक धारणाविरुद्ध आवाज उठाउँदछ। संसारमा कुनै पनि व्यक्ति, जाति वा समूहको परिचय स्थायी हुँदैन तर त्यसबारे निर्मित गलत धारणाहरू भने स्थायी मात्र नभएर कठोर पनि हुँदछन्। यसैले ती प्रथा र परम्पराहरूमा कतै न कतै कुनै न कुनै रूपमा देखापरी नै रहन्छन्। यिनै गलत धारणाहरूले गर्दा कतिपय समूहहरूको परिचय पहिलो दृष्टिमै अस्वीकृत वा बहिष्कृत हुने गर्दछ, जसलाई लिन्डा अल्कोल्फले 'प्राथमिक अस्वीकृति' भन्ने संज्ञा दिएकी छन् (अल्कोफ, इ सं २००६, पृ-८५)। परिचय राजनीतिले यही प्राथमिक अस्वीकृति वा बहिष्करणको विरोधमा परिचयको पुनर्विधान तथा पुनर्व्याख्याका निम्ति आह्वान गर्दछ (क्रुज, इ सं २०१६, पृ-३)।

माइकल दुस्चेअनुसार परिचय राजनीतिको लक्ष्य निर्धारित 'हामी' र निर्धारित 'तिनीहरू' बिच प्रतिकूल सम्बन्ध स्थापित गर्नु हो किनभने यसले अन्य समूहका रूपमा निर्धारित 'तिनीहरू' विरुद्ध निर्धारित 'हामी' समूहको परिचयको भावना जागृत गराउँदछ (दुस्चे, इ सं २०१०, पृ-४९)। उक्त 'हामी' र 'तिनीहरू' जस्ता निर्धारित समूहलाई राजु दासले प्रभावशाली समूह र प्रभावित समूहका रूपमा वर्णन गरेका छन्। उनका विचारमा परिचय राजनीति एउटा

यस्तो राजनैतिक प्रणाली हो जहाँ मान्यता वा सम्मानको राजनीति साथै सीमित आर्थिक वितरणको राजनीति दुईवटा घटकका रूपमा परस्पर सम्बन्धित हुँदछन् (दास, इ सं २०२०, पृ-७९) पहिलो घटकमा राजनैतिक रूपले मान्यताप्राप्त वा सम्मानप्राप्त प्रभावशाली समूहहरू पर्दछन् भने दोस्रो घटकमा राजनैतिक मूलधाराबाट सीमान्तकृत भएका प्रभावित समूहहरू पर्दछन्। यी दुई समूहमाझ व्याप्त अन्तर्विरोधको प्रमुख कारण परिचयमाथि निरन्तर हुँदै आइरहेको राजनीति हो। यसैले परिधिमा रहेका कुनै पनि व्यक्ति, जाति वा समूहको परिचयले सांस्कृतिक विविधता वा भिन्नताहरूका आधारमा मान्यता र सम्मान पाउनु पर्छ भन्ने दाबीस्वरूप परिचय राजनीतिको अवधारणा विकसित भएको देखिन्छ।

वास्तवमा व्यक्ति, जाति वा अल्पसङ्ख्यक समूहको परिचयमाथि हुने राजनीति, त्यसको सांस्कृतिक अभ्यास, शक्ति प्रयोगको परम्परा र ती सबैका परिणामस्वरूप प्राप्त हुने वैयक्तिक अनुभव परिचय राजनीतिलाई दिशा र दृष्टि प्रदान गर्ने प्रमुख तत्त्वहरू हुन्। यिनै तत्त्वहरूका आधारमा परिचय राजनीति र राजनैतिक परिचयबिच पाइने समानता र विषमताहरू पनि केलाउन सकिन्छ। राजनैतिक परिचय पूर्ण रूपले संस्थागत र राजनैतिक उद्देश्यकेन्द्रित हुन्छ तर परिचय राजनीति राजनैतिक अभ्यासकै रूपमा देखिए तापनि स्वतन्त्र र संस्कृतिप्रेरित हुन्छ। अर्का शब्दमा के भन्न सकिन्छ भने राजनैतिक परिचय सत्ता र शक्तिको द्योतक हो। यसलाई राजनैतिक संस्थाद्वारा स्थापित एउटा सामाजिक पद मानिन्छ। यसका विपरीत परिचय राजनीति सांस्कृतिक मूल्यहरूमा आधारित चिन्तनको एउटा प्रक्रिया हो जसले विभिन्न सामाजिक समूहहरूलाई कलङ्कित बनाएर राख्ने पद्धति र परिवेशबारे आलोचना गर्दछ।

परिचय राजनीतिको अन्तरङ्ग सम्बन्ध बहुसंस्कृतिवादसित रहेको पाइन्छ। बहुसंस्कृतिवादीहरू सांस्कृतिक विविधताका पक्षमा तर्क गर्दछन् र समाजमा विद्यमान विभिन्न समुदायहरूलाई छुट्टै सांस्कृतिक सौन्दर्यका रूपमा हेर्दछन्। यी सौन्दर्यहरूलाई परिधिमा राखिँदा उत्पन्न हुने सबैभन्दा ठुलो समस्या भनेको परिचय सङ्कट हो जसले गर्दा 'राष्ट्रवाद' भन्ने धारणा सधैँ सन्देहको घेरामा पर्ने गर्दछ। एउटा शक्तिशाली समूहको एकतन्त्रवादी विचार वा संस्कृति केन्द्रका रूपमा स्थापित हुँदा अन्य साना साना जातगोष्ठी वा समुदायभित्र अन्तर्निहित विचार र संस्कृतिहरू महत्त्वहीन बन्न पुग्दछन्। यसलाई परिचय सङ्कटको विषम अवस्था मानिन्छ किनभने प्रतिनिधित्वका निम्ति हुने सङ्घर्षले सधैँ पूर्णतया गठित भिन्न परिचय भएकाहरूलाई 'अन्य'का दर्जामा राख्ने प्रयास गर्दछ (ग्रोसबर्ग, इ सं १९९६, पृ-८९) यही 'अन्य' भएर बाँच्नुको पीडा नै परिचय राजनीतिको बीज तत्त्व हो।

## २ परिचय राजनीतिको पृष्ठभूमि र सैद्धान्तिक स्वरूप

परिचयलाई राजनीतिसँग जोडेर हेर्ने परम्परा इ सं १९६० को दशकदेखि मात्र सुरु भएको पाइन्छ। यसभन्दा अघि परिचयलाई 'विभिन्न सम्बन्धहरूको अस्थायी प्रभाव' (ग्रोसबर्ग, इ सं १९९६, पृ-८९) तथा 'परिस्थितिअनुसार परिवर्तन भइरहने अस्थिर थोक' (ओल्सन, इ सं २००६, पृ-२५०) मानिएकाले यो राजनैतिक विश्वदृष्टिसित सापेक्षित हुँदैन भन्ने कुरामा विद्वान्हरू एकमत रहेका पाइन्छन्। यस सन्दर्भमा इ सं १९५०-को उत्तरार्धसम्म पनि परिचयलाई राजनीतिको केन्द्र मानिँदैन थियो (शिल्पा एन, इ सं २०११, पृ-२६) भन्ने शिल्पा एनको भनाइ उल्लेखनीय रहेको पाइन्छ। वस्तुतः इ सं १९६०-को दशकदेखि सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक आदि क्षेत्रहरूमा आएकोपरिवर्तनसँगै विभिन्न आन्दोलनहरूले पनि उग्र रूप धारण गरेको देखिन्छ। जस्तै - अश्वेत आन्दोलन, नारी

आन्दोल, अमेरिकाको जन आन्दोलन, भिन्न क्षमताको आन्दोलन, क्यानाडा र स्पेनका साम्प्रदायिक आन्दोलन, समलिङ्गीहरूको अधिकारको आन्दोलन आदि। यी सबै आन्दोलनहरू परिचयका मुद्दामा केन्द्रित रहेका पाइन्छन् जसले गर्दा त्यस समय विकसित भएको नयाँ राजनैतिक चिन्तनलाई परिचय राजनीति भन्न थालिएको पाइन्छ। अतः परिचय राजनीतिलाई बुझ्नु हो भने सर्वप्रथम इ सं १९६०-को दशक यता भएका विभिन्न आन्दोलनहरू बुझ्नु पर्ने हुन्छ।

पारिभाषिक रूपमा परिचय राजनीति शब्दको प्रयोग प्रथमपल्ट रिनी आर अन्सपचले इ सं १९७९-मा गरेकी हुन् (बर्न्सटिन, इ सं २००५, इ सं ४७) अन्सपचको 'फ्रम स्टिग्मा टु आइडिन्टिटी पोलिटिक्सः पोलिटिकल एक्टिभिज्म अमङ्ग द फिजिकल्ली डिसेबल्ट एन्ड फर्मर मेन्टल प्यासेन्ट' शीर्षक लेखमा यस शब्दको प्रयोग भएको देखिन्छ। त्यसपछि एम एच रोज, ब्रुमली, कोनेल्ली, मेचनरिक, लिचरम्यान आदि विद्वान्हरूले यस शब्दको प्रयोग राजनीति र संस्कृतिबिच स्थापित अन्तर्सम्बन्ध बुझाउनका निम्ति गरेको पाइन्छ। उनीहरूले परिचय राजनीतिको व्याख्या मूलतः दुईवटा गतिविधिका रूपमा गरेका छन् – (क) राजनैतिक गतिविधिका रूपमा र (ख) सांस्कृतिक गतिविधिका रूपमा। पहिलो वर्गका विद्वान्हरूको भनाइअनुसार परिचय राजनीतिले समकालीन राजनीतिका सन्दर्भमा जातीयता, त्यसको सामाजिक संरचना र मार्क्सवादी प्रतिबद्धतालाई बुझाउँदछ। यसका विपरीत दोस्रो वर्गका विद्वान्हरू यसलाई व्यक्ति वा जातिको सांस्कृतिक परिचय, जातीय वा प्रजातीय स्तरमा हुने सङ्घर्ष र राष्ट्रवादी विचारधाराका रूपमा हेर्दछन्।

नब्बेको दशकदेखि भने परिचय राजनीतिलाई राजनैतिकभन्दा बढी सांस्कृतिक गतिविधिका रूपमा हेर्न थालिएको पाइन्छ। यस सन्दर्भमा एल ए कौफम्यानको भनाइ विचारणीय रहेको छ। उनी भन्छन् – सांस्कृतिक सन्दर्भमा परिचय राजनीतिले परिचय स्वयम् नै विस्तार, अभिव्यक्ति र पुष्टि हो भन्ने विश्वासलाई अभिव्यक्त गर्दछ (कौफम्यान, इ सं १९९०, पृ-६७) यस कथनका आधारमा सामाजिक परिचयसँग सम्बन्धित सबै प्रकारका दाबीहरूलाई सांस्कृतिक राजनीति भन्न थालिएको पाइन्छ। यो सांस्कृतिक राजनीति परिचय राजनीतिकै पर्यायवाची हो किनभने यसले राजनीतिलाई संस्कृतिसँग र संस्कृतिलाई परिचयसँग जोडेर विश्लेषण गर्दछ। यस प्रकार परिचय राजनीतिले विभिन्न मोडहरू पार गर्दै अन्ततोगत्वा सांस्कृतिक स्वरूप प्राप्त गर्न सकेको देखिन्छ।

## ४ वीरेन्द्रका कवित्वबारे सामान्य चर्चा

दार्जिलिङको सुखेपोखरीमा १२ डिसम्बर, १९२७-का दिन जन्मेका वीरेन्द्र सुब्बा नेपाली साहित्यमा 'युगकवि वीरेन्द्र' उपाधिले परिचित र प्रतिष्ठित छन्। उनको काव्यिक यात्रा इ सं १९३०-को **गोर्खा** पत्रिकामा 'उन्नति भयो' शीर्षक कविता प्रकाशित भए पछि प्रारम्भ भएको देखिन्छ। इन्द्रबहादुर राई अनुसार **एकान्त** (इ सं १९५०-मा दानियल खालिङसँग मिलेर संयुक्त रूपमा प्रकाशित गरेको कविता सङ्ग्रह निस्के पछि वीरेन्द्रले अझ धेरै कविता लेखे, विशेष गरी प्रवासी नेपाली साहित्यका काव्यपक्षको गरिबी हटाउनलाई उनी खटिरहे (राई, इ सं १९६६, पृ-५७) यही खटाइको चरम उपलब्धि नै **मेघमाला** (इ सं १९६३), **कुसुमछोरी** (इ सं १९६८), **स्वर्णिमा** (इ सं १९८१) आदि कविता सङ्ग्रह र **हिमाद्री पुत्री तीष्ता** खण्डकाव्य (इ सं २००३) हुन्। कविताबाहेक उनले उपन्यास र नाटकका क्षेत्रमा पनि कलम चलाएका छन्। उनको **मूल सडकतिर** शीर्षक उपन्यास (इ सं १९६८) र **फिष्टा** शीर्षक नाटक (इ सं १९७३) प्रकाशित भएको पाइन्छ। यस अतिरिक्त वीरेन्द्रले **अम्बर, आभ, अवनी** शीर्षक

अर्को एउटा उपन्यास साथै हिन्दी, अङ्ग्रेजी तथा बङ्गला भाषामा दसवटाभन्दा बढी काव्यग्रन्थहरू रचना गरेका थिए (दाहाल, इ सं २०१६, पृ-४०) तर तीमध्ये कुनै पनि प्रकाशित भएको पाइँदैन।

साहित्यसँगै चित्रकला, सङ्गीत र मुक्काबाजीमा वीरेन्द्रको गहन रुचि रहेको देखिन्छ। यद्यपि उनले भाषाको स्वनिमिक गुण, वर्णहरूको साङ्गीतिक सम्पदा र शब्दहरूको चित्रात्मक प्रस्तुति क्षमतालाई कविताको विशेष साधनका रूपमा प्रयोग गरेका छन् (नेपाल, इ सं १९९१, पृ-९४) यसैले उनका कवितामा मुक्काबाजी छाडेर 'चित्रात्मकता र सुगेयताको पसल'(राई, इ सं १९६६, पृ-६१) तथा 'त्रिविद कलाको समानुपातिक समन्वय' (प्रधान, इ सं २०१३, पृ-१४९) पाउन सकिन्छ। यसरी ललितकलाका तीनवटा क्षेत्रमा एकैसाथ समर्पित भई सधैँ साधनारत रहेकाले उनलाई मोहन पी दाहालले 'दार्जिलिङका दधीच ऋषि' एवम् 'नेपाली साहित्यको काव्य काननका द्वैपायन' भन्ने उपाधि समेत दिएका छन् (दाहाल, इ सं २०१६, पृ-४०) वीरेन्द्रका प्रायः सबै कवितामा जीवन मूल तत्त्व भएर देखापरेको छ। यही मूल तत्त्वको खोजी र व्याख्या गर्ने क्रममा उनी दर्शनको सहरा लिई अग्रसर भएका छन्। यसो हुँदा उनका कविताहरू सरलदेखि जटिल अथवा सुबोध्यदेखि दुर्बोध्य हुँदै गएको देखिन्छ। घनश्याम नेपालका विचारमा उनको झुकाउ भाषिकभन्दा पराभाषिक र सङ्केतवैज्ञानिक प्रयोगपट्टि धेर हुँदै गएको देखिन्छ (नेपाल, इ सं १९९१, पृ-९४)।

**एकान्त**देखि **स्वर्णिमा**सम्म आइपुग्दा उनको कवित्व पूर्णतया आध्यात्मिक र दार्शनिक हुन पुगेको छ। यस सन्दर्भमा "अमूर्तको सन्धानमा लागेका वीरेन्द्रले कवितालाई पनि अलौकिक सिद्ध गर्न खोजेका छन्" भन्ने दिवाकर प्रधानको भनाइ विचारणीय रहेको पाइन्छ (प्रधान, इ सं २०१३, पृ-१४९) जीवन काव्यमय छ र काव्य जीवनमय छ भन्ने मतका अनुयायी वीरेन्द्रले कवितालाई पदार्थ र आत्माको योगबाट स्वतः निसृत कहिल्यै नष्ट नहुने तत्त्वका रूपमा स्वीकार गरेका छन्। यसैले अभि सुवेदी भन्छन् – "कविताभित्र एउटा ठुलो दर्शन लुकेर पनि वीरेन्द्रका कविताका हरफहरू दुबो जस्ता लहलह पाइन्छन्" (सुवेदी, वि सं २०५१, पृ-१४९) यी दुबो जस्ता हरफहरू नै वीरेन्द्रका कवित्वलाई औचित्यपूर्ण बनाउने साधन विशेष हुन् भन्न सकिन्छ।

## ५ वीरेन्द्रका कवितामा परिचय राजनीति र प्रतिनिधित्व

वीरेन्द्रका कवितामा जीवनका विविध पक्षहरूको वर्णन सुनियोजित ढङ्गले भएको पाइन्छ। तीमध्ये परिचय राजनीति पनि एउटा पक्ष हो। उनले परिचयका माध्यमद्वारा 'स्वयम्'लाई प्रतिस्थापित गराई राजनैतिक एवम् सांस्कृतिक तहमा जातिको प्रतिनिधित्व गरेका छन्। यो 'स्वयम्' व्यष्टिगत नभएर समष्टिगत चेतनाका रूपमा क्रियाशील छ। वीरेन्द्रले चेतन  तत्त्वलाई जीवनका रूपमा र जीवनलाई समग्र अनुभूतिका रूपमा अङ्गीकार गरेका छन्। यसैले उनी कवितालाई आफूभन्दा अलग र असम्पृक्त विषय ठान्दैनन्। यस कुराको पुष्टि 'मेरा कविता' शीर्षक कविताको निम्न उद्धरणले गर्दछ-

मलाई त मेरै आँखा, मेरै कान
मेरै प्राण, मेरै मान
मेरै हात, मेरै साथ झैँ लाग्दछन् मेरा कविता
मेरा कवितालाई छोई, मेरा अन्तरका कविलाई छोऊ। (पृ-३०)

यसरी कवितालाई ‘स्वयम्’को प्रतिरूप ठान्ने वीरेन्द्रले वैयक्तिक अनुभूतिका माध्यमद्वारा जीवनका विविध पक्षहरूको उद्घाटन गर्ने क्रममा जातिको दयनीय एवम् सङ्घर्षपूर्ण स्थितिलाई पनि विशेष अभिप्रायका रूपमा प्रयोग गरेका छन्। यो अभिप्राय असन्तुष्टिहरूको सङ्कथन  स्वरूप कविताका उक्तिहरूमा विद्यमान रहेको पाइन्छ। उनले राजनैतिक ध्रुवीकरणविरुद्ध आफ्ना असन्तुष्टि र अप्रसन्नताहरू प्रकट गरेका छन् तर तिनलाई असामान्य रूपले उग्र बन्न दिएका छैनन्। सांस्कृतिक विविधताहरूलाई संस्थागत बन्न नदिने प्रयासहरूका विरुद्ध उनको काव्यिक अभियान पूर्णतया सन्तुलित र नियन्त्रित भई अघि बढेको देखिन्छ। यो अभियान युगौँदेखि खण्डित र कलङ्कित रहेको परिचय र प्रतिष्ठालाई पुनःस्थापित गर्ने दिशामा उन्मुख रहेको पाइन्छ। यसैले एकातिर उनी भन्छन् –

विश्वका गर्भदेखि जत्ति जत्ति म
पारस-पत्थर थुत्न लाग्दछु
उत्ति उत्ति मेरा शिर अत्तो थाप्नेहरूका
पाइतलाले दबिँदा छन्। (वीरेन्द्र, पूर्ववत्)

फेरि लगत्तै अर्कातिर चुनौती दिँदै भन्छन् –

मलाई असहाय, निर्धो, दुखिया कहिल्यै नसम्झ
तिमी यो जानि राख, जो म सहाय हुँ। (पृ-१८)

वास्तवमा असहाय, निर्धो, दुखिया जस्ता संज्ञाहरू निर्मित कलङ्क हुन्। राष्ट्रिय स्तरमा हुने राजनैतिक ध्रुवीकरण र त्यसको निरन्तर अभ्यासले गर्दा अनेकौँ समूहरू यस्ता कलङ्कका सिकार बन्न पुग्दछन्। यो युगौँदेखि अवलम्बित हुँदै आएको राजनैतिक परम्परा हो जसको प्रतिवादस्वरूप परिचय राजनीतिको प्रवर्तन एउटा युक्तिका रूपमा भएको पाइन्छ। यस युक्तिलाई वीरेन्द्रले ‘म सहाय हुँ’ भन्ने घोषणाद्वारा अभिव्यक्त गरेका छन्। यसको चरम अभिप्राप्ति ‘हे भाइ, म ता आगाका हुँ बग्दा नदी’मा देख्न सकिन्छ, जहाँ कवि भन्छन्-

छोपिएको हुँ म तापनि
मृत, मतलबी, मिथ्या, ध्वंस दुनियाँमा बोल्दै
नयाँ, पवित्र, जीवित दुनियाँमा घरेडी खन्दै
अट्टहास ज्वालाका छोड्दै
म बाहिर आउने उमङ्गमा छु। (पृ-१८)

यहाँ छोपिएर बस्नुको पीडा भित्रभित्रै ज्वालामा रूपान्तरित भइसकेको सार प्रस्तुत छ। यसबाट कविभित्र कति धेरै छट्पटी वा उकुसमुकुसहरू छन्, त्यसको अनुमान लगाउन सकिन्छ । उनको ‘बाहिर आउने उमङ्ग’ तिनै छट्पटी र उकुसमुकुसहरूको चरम अवस्था हो। यस अवस्थाले दीर्घ कालदेखि अवहेलित र अपमानित परिचयसँग बाँच्नु परेको दुर्नियतितिर सङ्केत गरेको छ जसलाई मेटाउने उद्देश्य लिई वीरेन्द्रले थुप्रै कविताहरू रचना गरेको पाइन्छ। ती कविताहरूलाई इन्द्रबहादुर राईले ‘रक्त’को रक्षाका लेखिएका कविता भनेका छन् (राई, पूर्ववत्, 60) यस प्रकार ‘रक्त’को रक्षा अर्थात् ‘परिचय’को रक्षा नै मुख्य ध्येय भएकाले वीरेन्द्रका अधिकांश कविताहरूमा विद्रोहको भाव पाइन्छ तर त्यो भाव आक्रमक नभएर पूर्ण रूपले संयमित रहेको देखिन्छ। जस्तै-

छताछुल्ल भएकालाई जोड्न
बाँझा मरुलाई गोड्न
विकराल, विशाल फूटका पर्खाललाई तोड्न
हे भाइ, म ता आगाका हुँ बग्दा नदी। (पृ-१९)

विद्रोहलाई विद्रोहकै रूपमा प्रदर्शन नगरेर रचनात्मक रूप प्रदान गर्नेतिर वीरेन्द्र बढी गम्भीर र सचेत रहेका देखिन्छन्।  चिच्याएर विरोध वा भर्त्सना गर्दैमा कुनै पनि समस्याको समाधान हुन्छ भन्ने छैन। यसै मान्यतामा उनको विश्वास टिकेको छ। यसैले उनी 'भर्त्सना' शीर्षक कवितामा एक ठाउँ यसरी लेख्छन्-

भर्त्सना छ
बिना चाहका, बिना आत्सम्मानका
निस्सहाय, फिट्टो, प्राण
आज यहाँ म चिच्याउँदो भए। (पृ-१९)

चिच्याउँदो भए निश्चय भर्त्सना गरिएको हुन्छ, तर त्यसले मानिसको कलङ्कित परिचय र गुमेको प्रतिष्ठालाई पुनःस्थापित गर्न सक्दैन। यसर्थ वीरेन्द्रले विद्रोह वा भर्त्सनातिर नभएर रचनात्मकतातिर अधिक बल दिएका छन्। उदाहरणार्थ 'फूल एवं म' शीर्षक कविताको निम्न पङ्क्तिलाई लिन सकिन्छ-

म पनि त फूलझैँ
थर्थर् भय र त्रासले काँपेको छु
एउटा एउटा माटाका कणका
एउटा एउटा थोपा जलका
एउटा एउटा किरण सूर्यका
बलमा
म पनि फाल्गुनसितै फुल्नलाई यहाँ हत्पताएको छु। (पृ-३५)

प्रस्तुत कवितांशमा 'फुल्नु'को भाव भय र त्रासको वातावरणदेखि 'उन्मुक्त हुनु' भन्ने भावको समानार्थक छ। कविले परिस्थिति जस्तोसुकै भए पनि फुल्नु नै एउटा फुलको धर्म भए झैँ जीवनको धर्म पनि रचनात्मक हुनु हो भन्ने भाव अभिव्यक्त गरेका छन्। जसरी एउटा फुलले फुलेरै आफ्नो परिचय स्पष्ट पार्दछ त्यसरी नै मानिसले पनि रचनात्मक भएर आफ्नो परिचय स्पष्ट पार्न सक्नु पर्छ। यो मूल सार वीरेन्द्रका अन्य कविताहरूमा पनि अभिव्यञ्जित रहेको पाइन्छ। यही नै उनका कवितामा प्रयुक्त परिचय राजनीति र प्रतिनिधित्वको केन्द्रिय भावभूमि पनि हो भन्न सकिन्छ।

वीरेन्द्रले एकातिर जातिको दुःखलाग्दो अवस्था दर्साएर सीमान्तीकरणको कठोर संरचनाबारे अवगत गराउन खोजेका छन् भने अर्कातिर जातिमा निहित सकारात्मक एवम् सृजनात्मक पक्षहरूको चर्चा गर्दै परिचयको पुनर्मूल्याङ्कनका निम्ति सांस्कृतिक पहल आरम्भ गरेका छन्। यस आशयका कविताहरूमा 'पिशाच' र

'लाचारी'लाई सर्वश्रेष्ठ उदाहरण मान्न सकिन्छ। 'पिशाच'मा वर्णित डरलाग्दो अनुहार, बाँङ्गाटिङ्गा दाँत, थेप्चो नाक, रुखका ठुटाजस्तै मट्ठारिएका पाखुरा, नाङ्गो छात्ती, थालतुल्य छेपारी आदि सांस्कृतिक चिह्नका रूपमा प्रतिबिम्बित छन्। यस्ता चिह्नहरू भएको 'ऊ' पात्रलाई पिशाचकै समतुल्य मानिएको छ। वस्तुतः सीमान्तीकरणको कठोर संरचनाले एउटा व्यक्ति वा एउटा सिङ्गो जातिलाई कसरी 'अन्य'का रूपमा वर्गीकृत गर्छ र कलङ्कित परिचयको भागी बनाउँछ भन्ने तथ्यको उद्घाटन यस कवितामा भएको पाइन्छ। अतः 'ऊ' पात्रको दयनीय अवस्थालाई कलङ्कित परिचयको परिणाम मान्ने निष्कर्षमा पुग्दै कवि भन्छन्-

आधा पेट अन्न, केही मुख पानी पिएर
धानिरहेका ऊ के पिशाच नै होइनन् ता ? (पृ-३९)

यस्तै भाव उनको अर्को कविता 'लाचारी'मा पनि व्यक्त भएको पाइन्छ। यसमा उनी योग्यता, दक्षता, कला, कौशल सबै भएर पनि दुई बेला हात मुख जोड्न नसक्ने अवस्था तात्त्विक होइन, निर्मित हो भन्ने पक्षमा तर्क गर्न उभिएका छन्। यस कविताले परिचयका आधारमा हुने भेदभावको राजनीतितिर स्पष्ट सङ्केत गरेको छ। उदाहरण हेरौँ-

कसो कसो तिनका हात दुई, यत्तिका कोमल कि
झट्ट पट्ट सबैका अघि जोडिइन्छन्
बलिया यत्तिका कि पृथ्वीका यावत्, शक्तिलाई
ती समाउन सक्तछन्
सिपाला यत्तिका कि पृथ्वीका यावत्, सीपलाई
ती मनाउन सक्तछन्
तिनका अभाग, लाचार, लाचार ती यत्तिका कि
न ता ती तारानै, तोड्न सक्तछन्
न ता ती, दुई बेला, हात मुखनै जोड्न सक्तछन्। (पृ-३९)

यस प्रकार वीरेन्द्रले भिन्न परिचयका कारण सङ्कटग्रस्त अवस्थामा पुगेको जातिको विडम्बनासित साक्षात्कार गराउनका साथै तात्त्विक रूपमा तीभित्र विद्यमान असल गुणहरूको चर्चा गरेर जातीय परिचयलाई नयाँ अर्थ र मूल्यहरूद्वारा प्रतिनिधित्व गर्न खोजेका छन्। उनका कविताहरू आफ्नो जातीय परिचयलाई एउटा वर्गका रूपमा तुच्छ, नगण्य र हीन ठहऱ्याउने राजनैतिक अभ्यासविरुद्ध अग्रसर भएका देखिन्छन् भने यो अग्रसरता परिचयको पुनर्विधान वा पुनः स्थापनाका निम्ति रचनात्मक पक्षहरू सँगसँगै तीव्रगामी बनेको देखिन्छ।

## ६ निष्कर्ष

परिचय राजनीतिका अध्येयताहरू असमानतालाई शोषण र उत्पीडनको वास्तविक स्रोत मान्दछन् भने असममानताको स्रोतचाहिँ परिचयलाई मान्दछन्। जाति, धर्म, वर्ग, लिङ्ग, रङ, भाषा जस्ता सांस्कृतिक चिह्नहरूद्वारा निर्धारित परिचयले गर्दा मानव समाजमा असमानताको बीज अङ्कुरित हुँदछ। यो असमानताको भावना नै विभिन्न समूहहरूमाझ विभेदको स्थिति सिर्जना गरी राजनैतिक ध्रुवीकरण तथा सीमान्तीकरणका प्रक्रियाद्वारा एउटालाई

शक्तिशाली र अर्कालाई दुर्बल तुल्याउने प्रमुख माध्यम हो। अतः यसलाई विश्वव्यापी सङ्कटका रूपमा हेर्दै परिचय राजनीतिका अध्येयताहरूले परिचयको नयाँ सांस्कृतिक व्याख्यातिर जोड दिएको पाइन्छ। उनीहरू परिचयलाई राजनैतिक एवम् सांस्कृतिक प्रतिनिधित्वको विषय मान्दछन् र कुनै पनि जाति वा समूहको परिचयबारे निर्मित गलत धारणाहरूमा सुधार आउनुपर्छ अथवा परिचयबारे पुनर्विचार गरिनुपर्छ भन्ने मत प्रकट गर्दछन्। वीरेन्द्रका कविताहरूमा पनि यस किसिमको आग्रह पाइन्छ। उनले आफ्नो जातिभित्र निहित असल गुण र रचनात्मकताका भरमा परिचयलाई पुनर्स्थापित गराउने पहल गरेका छन्। यसैले उनका कविताहरू परिचय राजनीति र प्रतिनिधित्वका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्।

## सन्दर्भ

Alcolf, Linda, 2006, **Visible Identities, Race, Gender and the Self**, Oxford University Press

Alcolf, Linda Martin, Hames Garcia and Satya P. Mohanti (Ed.), 2006, **Identity Politics Reconsidered**, New York, Plgrave Macmillan

Bernstein, Mary 2005, 'Identity Politics', Annual Review of Sociology, Vol. 31, http://www.jstor.org/stable/29737711

Das, Raju, 2020, 'Identity Politics: A Marxist View', **Class, Race and Corporate Power**, Vol. 8, Issue 1, https://www.jstor.org/stable/10.2307/48645490

D'Cruz, Caroline, 2016, **Identity Politics in Deconstruction, Calculating with the Incalculable**, Second Edition, London & New York, Routledge

Dusche, Michael, 2010, **Identity Politics in India and Europe**, New Delhi, Sage Publication India Private Limited

Gupta, Suman, 2007, **Social Constructionist Identity Politics and Literary Studies,** New York, Palgrave Macmillan

Grossberg, L., 1996, 'Identity and Cultural Studies: Is that All There is?', https://pages.mtu.edu/~jdslack/readings/CSReadings/Grossberg_Identity_Cultural_Studies_Is_All_There_Is.pdf

Kaufman, L. A., 1990, **Anti Politics of Identity**, New York, New York University Press

N, Shilpa, 2021, 'Identity Politics in India – Its Various Dimensions', International Journal of Research in Engineering, IT & Social Science, Vol.11, Issue 2, https://indusedu.org-IJREISS_3762_31310

Olsen, Eric T., 2006, 'Imperfect Identity', **Proceedings of the Aristotelian Society**, Vol. 106, https://www.jstor.org/stable/4545460

दाहाल मोहन पी, इ सं २०१६, 'वीरेन्द्रको परिचय', सितम मोक्तान र अन्य (सम्पा), **अवलोकन**, वर्ष १, अङ्क

१, डुवर्स नेपाली साहित्य विकास समिति

नेपाल घनश्याम, इ सं १९९१, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगडी, नेपाली साहित्य प्रचार समिति

प्रधान दिवाकर, इ सं २०१३, **कविताका कुरा**, गान्तोक, जनपक्ष प्रकाशन

राई इन्द्रबहादुर, इ सं १९६६, **टिपेका टिप्पणीहरू**, दार्जिलिङ, नेपाली साहित्य परिषद्

वीरेन्द्र, इ सं १९८८, **मेघमाला**, दोस्रो संस्करण, दार्जिलिङ, विश्व वाणी प्रतिष्ठान

सुवेदी अभि, वि सं २०५१, **सिर्जना र मूल्याङ्कन**, काठमाडौँ, साझा प्रकाशन